नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं
(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)

☎ ४२००३०९
४२००२८१

पत्र संख्या :- ०७२/०७३

मिति:- २०७२/०५/२५

चलानी नं. :- ३२८

**विषय : परिपत्र ।**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.३१-/०७२-७३/११९३ मिति २०७२।५।२१ को पत्रवाट हाल मुलुकका विभिन्न भागहरुमा विरोध, बन्द, हड्ताल जस्ता गतिविधिहरु भइरहेको सन्दर्भमा सामाजिक संजाल ( Facebook, Twiter, Blog आदि ) हरुमा सामाजिक सद भाव खल्वलिने एवं विभिन्न जातजाती, धर्म, संस्कृतिको मूल्य मान्यतामा आंच आउने किसिमका अभिब्यक्ति, फोटो, कार्टून, चित्र, लगायतका सामाग्रीहरुको संप्रेषण हुने गरेको र यसवाट शान्ति सुरक्षामा समेत प्रतिकुल अवस्था पर्न गएको अवस्था रहेको छ । यस्तो कार्यमा राष्ट्र सेवक कर्मचारीहरुको पनि संलग्नता हुने गरेको साथै यस्ता सामाग्रीहरुलाई कर्मचारीवाट Like, Share, Tag, Tweet, Retweet, आदि गरी समाजिक संजाल मार्फत विभिन्न जाती, भाषा, संस्कृति, धर्म, संप्रदाय, समुदाय एवं ब्यक्ति प्रति आघात पुग्ने किसिमका फैलावटवाट सामाजिक सदभावमा खलल पर्न सक्ने देखिएको हुदा राष्ट्रसेवक कर्मचारीवाट त्यस्ता कार्यहरु हुन नदिने ब्यवस्था हुन लेखि आएकोले त्यस्तो कार्य नगर्नु हुन सबै कर्मचारीहरुलाई आदेशानुसार अनुरोध गरिन्छ ।

**वोधार्थ**

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, ब्यवस्थापन तथा जनशक्ति विकास महाशाखा, सिंहदरवार, काठमाण्डौ ।

श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

श्री सूचना तथा विधुतिय शासन शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौ : Website मा राखि दिने सम्वन्धमा ।